प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, खोटाङ्ग
प्रदेश नं. १

# कृषक समुह, कृषि सहकारी, निजी कृषि फर्म/उद्यमी तथा व्यक्तीगत कृषक (एक वा एक भन्दा बढी) उपभोक्ताहरुलाई कृषि यान्त्रिकरण अनुदानको लागि प्रारम्भिक आवेदन पेश गर्ने १५ दिने सुचना !

**(प्रथम पटक प्रकाशित मिति : २०७६/०९/२९)**

यस कार्यालयको आ.व. ०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **कृषि यन्त्र उपकरणहरु अनुदानमा वितरण कार्यक्रम** रहेको हुँदा ईच्छुक कृषक समुह/कृषि सहकारी/निजी कृषि फर्म/उद्यमी तथा व्यक्तिगत कृषक (एक वा एक भन्दा बढी) हरुलाई यो सूचना प्रकाशित गरेको मितिले १५ दिन अर्थात मिति **२०७६/१०/१४** गते सम्म कार्यालय समयभित्र तपसिल अनुसारका आवश्यक सम्पूर्ण कागजातहरु आफैंले प्रमाणित गरी कार्यालयले उपलब्ध गराएको फर्मेट अनुसारको प्रस्तावना कृषि ज्ञान केन्द्र, खोटाङमा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारीको लागि **कृषि ज्ञान केन्द्र खोटाङ्गको** फोन नं. ०३६-४२०१३० वा सम्पर्क व्यक्ति श्री देवराज गुप्ता, मो. नं. ९८४०९९०५१६ मा सम्पर्क गरि लिन सक्नु हुनेछ । दरखास्त फारम कृषि विकास निर्देशनालयको वेभसाईटः **doad.p1.gov.np** बाट समेत डाउनलोड गर्न सकिने छ। यो सूचना वेभसाईटः **p1.akcnepal.com** मा पनि हेर्न सक्नुहुने छ।

संलग्न गर्नुपर्ने कागजातहरु-

**(क) व्यक्तिगत वा कृषक उपभोक्ता (एक वा संयुक्तरुपमा एकभन्दा बढी मिलेर आएमा) को लागिः**

१. नागरिकता प्रमाण पत्रको प्रतिलिपी
२. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि
३. लालपूर्जाको प्रतिलिपीः खाद्यान्न बाली, तरकारी बाली, आलु वाली,फलफुलवाली आदिः ५ रोपनी
४. आफ्नो नाममा जग्गा नभई आफ्नै एकाघरको परिवारका नाममा जग्गा भएमा नाता खुल्ने कागजातको प्रमाण पेश गर्नुपर्ने छ ।
५. आफूले कमाई आएको जग्गा (गुठी स्वामित्वको वा आफू मोही भएको समेत) वा करारमा लिएको भए कम्तिमा ५ वर्षसम्झौता अवधि रहेको प्रमाण सहित पेशगर्नुपर्नेछ ।
६. यसै प्रकृतिको अनुदान अन्य निकायबाट नलिएको वा नलिने स्वघोषणा पत्र

**(ख) संस्थागत उपभोक्ताको लागि (कृषि सहकारी, कृषक समुह, निजि फर्म)**

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. संस्था नविकरणको प्रमाण पत्रको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र अनिवार्य पेश गर्नु पर्नेछ।
३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि
४. गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
५. संस्थाको निर्णय प्रतिलिपि
६. संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवार दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र
७. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १ प्रति
८. लालपूर्जाको प्रतिलिपीः
   ८.१ खाद्यान्न बाली, तरकारी बाली, आलु वाली,फलफुलवालीआदिः १० रोपनी
९. संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए कम्तिमा ५ वर्ष सम्झौता अवधि रहेको प्रमाण सहित पेशगर्नुपर्नेछ
१०.यसै प्रकृतिको अनुदान अन्य निकायबाट नलिएको वा नलिने स्वघोषणा पत्र

कार्यालय प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, खोटाङ्ग
प्रदेश नं. १

**(प्रथम पटक प्रकाशित मिति : २०७६/०९/२९)**

यस ज्ञान केन्द्रको चालु आर्थिक वर्ष २०७६/७७ को प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्थानीय तह पुनारावृत्ति नहुने गरि स्थानीय सम्भावनाका आधारमा सघन वाली विकास कार्यक्रम लागु नभएका स्थानमा ३ वटा नयाँ ब्लक स्थापना गर्न तपसिल अनुसारका स्थानीय तह अन्तर्गत छनौट भएकोले ईच्छुक कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमी/ जल उपभोक्ता समितिहरुले देहाय बमोजिम कागजात संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७६/१०/१४ गते) भित्र प्रस्तावना तयार गरि कृषि ज्ञान केन्द्र, खोटाङमा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगेका र म्याद नाँघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

थप जानकारीको लागि **कृषि ज्ञान केन्द्र खोटाङ्गको** फोन नं. ०३६-४२०१३० वा सम्पर्क व्यक्ति संजय कुमार पंडित, मो. नं. ९८४०७२८१४५ मा सम्पर्क गर्न सक्नु हुनेछ र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको Web site : **pmamp.gov.np** बाट कार्यविधि २०७३ डाउनलोड गरी आवश्यक जानकारी लिन सक्नु हुने छ । साथै अनुदान संग सम्वन्धित तोकिएको ढाँचा अनुसारको नमुना फारम कार्यालयवाट उपलव्ध गराईने छ । यो सूचना वेभसाईटः **p1.akcnepal.com** मा पनि हेर्न सक्नुहुने छ।

**<u>नयाँ ब्लक संचालन हुने स्थान तथा वाली</u>**

| क्र.सं. | स्थानिय तह/ पालिकाको नाम | ब्लक संख्या | अधिकतम साझेदारी रकम रु. (हजारमा) | बालीहरु |
|---|---|---|---|---|
| १ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालीका | १ | ३५०० | किवि |
| २ | रावाबेशी गाउँपालीका | १ | ३५०० | कफि |
| ३ | बराहापोखरी गाउँपालीका | १ | ३५०० | कफि |

**<u>प्रस्ताव साथ संलग्न हुनु पर्ने कागजातहरु</u>**

| | |
|---|---|
| १ | रु १० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन । |
| २ | आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि । |
| ३ | PAN वा VAT दर्ता प्रमाण पत्रको प्रतिलिपी । |
| ४ | कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी । |
| ५ | कार्यक्रम संचालनका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना। |
| ६ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजात (लाजपुर्जा) को प्रतिलिपि । |
| ७ | लिजमा लिएको जग्गाको हकमा १० वर्षे करारनामा वा सम्झौता पत्र । |
| ८ | प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा संस्था /फर्म/ व्यवासाय दर्ता /नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि |
| ९ | समुह/समिति/सहकारीको हकमा समितिको निर्णयको प्रतिलिपि । |
| १० | सम्वन्धीत विषयमा तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपी । |
| ११ | बैंक गारेन्टीको पत्र /संस्थाको खातामा भएको रकमको स्टेटमेन्ट। |
| १२ | लागत साझेदारी गर्ने प्रतिबद्वता पत्र । |
| १३ | विगत ३ वर्षमा प्रस्तावित कार्यक्रमको लागि अनुदान नलिएको स्वघोषणा पत्र । |
| १४ | स्थानिय तहको कृषि विकास शाखाको सिफारिस पत्र । |
| १५ | कार्यविधिमा उल्लेख भए अनुसारका थप आवश्यक कागजातहरु । |